*तालिका ५: उप-शिर्षकको आधारमा रु ०००मा*

| कार्यको आधारमा | २०१३/१४ | २०१४/१५ | २०१५/१६ | हिस्सा प्रतिशतमा २०१५/१६ |
|---|---|---|---|---|
| भिटामिन ए तथा मिनरल सप्लिमेन्टेशन र फोर्टिफिकेशन | १०४०६४ | २११००० | ३०००१० | ३०.०५ |
| कुपोषण अन्त्यमा गर्ने व्यवस्थापन | ४३९२०७ | ३५१२०५ | ३२९३८१ | ३२.९९ |
| पोषण राम्रो व्यवहार तथा बाल्यकालिन आहार व्यवहार | १२८९९२ | २६०६७८ | ३३४९५० | ३३.५५ |

## सिफारिश:

- MSNPले निर्धारण गरेको उदेश्य पूरा गर्न हालैका पोषण बिशेष आयेजना तथा कार्यक्रमहरुमा हालको भन्दा दोब्बरले बजेट बढाउनुपर्दछ।
- पोषण बजेटको लागी बजेट सिलिङ अभिवृद्धिको आधारमा प्रदान नगरी MSNPले निर्धारण गरेका कार्यक्रम तथा आयोजनाहरुको आधारमा गरिनुपर्दछ। दाताहरुले प्रतिबद्वता र प्रदान गरेको बजेट रातो किताबमा समावेश गरिनु पर्दछ।
- दाताहरुले लगानि गरेको तर व्यवस्थापन आफैले गरेका आयोजनाहरुको रकम counter fund को रुपमा प्रस्तुत गरे पनि SOEमा समावेश गर्नुपर्दछ जसले गर्दा सरकारले चौमासिक रुपमा प्रस्तुत गर्न सक्तछ।
- खरिद सधै जोखिममा रहेको देखिन्छ। यसलाई उपयुक्त सिमा भित्र राख्नु पर्दछ। उपलव्धीमूलक खरिद व्यवस्था गरी यसलाई कर्मचारी को कार्य सम्पादन सँग आवद्ध गरिनु पर्दछ।
- खर्च गर्ने क्षमता बढाउन अख्तियार प्राप्त अधिकारीलाई उत्तरदायी बनाउनु पर्दछ।
- क्षेत्रगत मन्त्रालयहरु तथा योजना आयोग तथा अन्य सरेकारवाला संग समन्वय बढाउन संवाद र संचारमा अभिवृद्धि गर्नुपर्दछ। कार्यक्रमको उपलब्धी बढाउन, भएको खर्चमा प्रभावकारिता , मितव्यायिता बढाउन बरावर अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।
- बजेट विनियोजन तथा खर्च अनुमान स्वविवेकिय आधारमा नभई अनुसन्धान र प्रमाणको आधारमा गर्ने बानी बसाल्नु पर्दछ।
- बढ्दो आवश्यकता अनुसार खाद्यान्नमा आधारित कार्यक्रममा र पोषण विशेष कार्यक्रममा थप बजेट विनियोजन गरिनु पर्दछ।
- बहुक्षेत्रिय पोषण योजना (MSNP)को लागी केन्द्र तथा जिल्ला दुवै तहमा प्रभावकारी रुपले लैजान प्रत्येक मन्त्रालयलाई यस सम्बन्धी छुट्टा- छुट्टै बजेट शिर्षक दिईनुपर्दछ।

## सूचना दिने मुख्य व्यक्तिहरु:

- श्री आत्माराम पाण्डे , पूर्व सचिव नेपाल सरकार
- श्री राधा कृष्ण प्रधान, कार्यक्रम निर्देशक, राष्ट्रिय योजना आयोगको सचिवालय
- श्री भूमि राम शर्मा , उपसचिव अर्थ मन्त्रालय , सिंहदरवार
- श्री गिरिराज सुबेदि, शाखा प्रमुख, बाल स्वास्थ्य महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
- श्री राजन अधिकारी, कार्यक्रम अधिकृत, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
- श्री अनिल मिश्र, शाखा प्रमुख, पोषण शिक्षा, शिक्षा मन्त्रालय
- श्री चेतनाथ शर्मा, प्रमुख, विद्यालय पोषण इकाई, शिक्षा विभाग,
- श्री मेघनाथ शर्मा, शाखा अधिकृत, कार्यक्रम तथा बजेट शाखा, शिक्षा विभाग,
- श्री भगवान उप्रेति, लेखा अधिकृत, शिक्षा विभाग
- श्री हरिकृष्ण देवकोटा, लेखा अधिकृत, शिक्षको लागि खाना, शिक्षा तथा संस्कृति मन्त्रालय
- श्री दिपक पुरी, शहरी विकास मन्त्रालय सिहंदरवार
- श्री बैकुण्ठ न्यौपाने, लेखा अधिकृत, शहरी विकास मन्त्रालय, सिहंदरवार
- श्री नैना ढकाल, शाखा प्रमुख., कृषि तथा जिविको पार्जन, कृषि विकास मन्त्रालय, सिहंदरवार
- श्री ज्योत्शना श्रेष्ठ, कार्यक्रम अधिकृत, कृषि विकास मन्त्रालय, सिहंदरवार
- श्री पूर्णचन्द्र वस्ति, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, कृषि विकास मन्त्रालय
- श्री ईश्वरी पौडेल, शाखा प्रमुख सङघिय मामिला तथा स्थानिय विकास मन्त्रालय सिहंदरवार
- श्री तुला सुनुवार, शाखा अधिकृत, सङघिय मामिला तथा स्थानिय विकास मन्त्रालय, सिहंदरवार
- श्री राम प्रसाद भटराई, उपसचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिहंदरवार
- श्री विश्व माया न्यौपाने, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिहंदरवार
- श्री प्रध्युम्न दाहाल, पोषण शाखा, युनिसेफ, नेपाल
- श्री केन्द्रिय व्यक्ति, सिसान
- श्री भिम कुमारी पून एकिकृत पोषण प्रोगाम म्यानेजर,सेभ द चिल्ड्रेन, नेपाल कार्यालय ,
- श्री धुव राज कार्की, वास म्यानेजर,सेभ द चिल्ड्रेन, नेपाल कार्यालय , एअरपोर्ट , काठमाण्डौ, नेपाल।

*यस संक्षिप्त नीति तयार पार्नलाई प्राविधिक सहयोग पुऱ्याउनु हुने डा. देवि प्रसाई, वरिष्ठ स्वास्थ (अर्थविध) र डा. मेघराज ढकाल (अर्थविद) ज्युहरुलाई सिसान हार्दिक धन्यबाद ज्ञापन गर्दछ।*

**विस्तृत प्रतिवेदनको लागि :**

csannsecretariat@gmail.com
९७७-०१-४२२३४७७
www.csann.org.np
Civil Society Alliance for Nutrition, Nepal-CSANN
https://twitter.com/CSANNI

Supported by Save the Children

CSANN
CIVIL SOCIETY ALLIANCE FOR NUTRITION, NEPAL

# Civil Society Alliance for Nutrition, Nepal (CSANN)

## पोषणका लागि नागरिक समाज सञ्जाल, नेपाल (सिसान)

Scaling Up NUTRITION

# पोषण बजेट विश्लेषण : संक्षिप्तमा

## परिचय:

सन २०१० मा बिश्वका धेरैजसो राष्ट्रहरुले स्वास्थ्य तथा विकासलाई उन्नतशिल गराउन पोषण बृद्वि अभियान (Scaling -up -nutrition movement) लाई प्रमाणको आधारमा लागत प्रभावकारी कार्यक्रम बढाउन तत्परता देखाए। यसले आमाको कोखमा बास गरेका प्रथम दिन देखि १००० दिन (सुनौला हजार दिन) अर्थात बच्चा जन्मे पछिका दुइ बर्षसम्मका दिनहरुमा बहुक्षेत्रीय कियाकलाप गर्न आव्हान गरेको छ।

SUN मा गरेको प्रतिबद्वता अनुसार नेपाल सरकारले पोषणमा प्राथमिकता देखाउदै बहुक्षेत्रीय-पोषण योजना तर्जुमा गरेको छ। यसको अलवा नेपाली जनताको पोषण अवस्थामा सुधार ल्याउन दातृसंस्थाहरुले पनि विभिन्न तरिका बाट बजेट प्रवाह गरेका छन। अझै पनि बिविध चुनौतिहरुलाई सम्बोधन गर्न बहुआयमिक तरिकाबाट बहुक्षेत्रमा सम्बोधन गर्न जरुरी छ। हालका दिनहरुमा महिला र केटाकेटीहरको पोषण अवस्थामा सुधार ल्याउन नेपाल सरकारले बिषेश ध्यान दिएको छ (स्वास्थ्य सेवा विभाग २०१४/२०१५)।

बिश्व बैंक , बिश्व स्वास्थ्य संगठन, युनिसेफ, बिश्व खाद्य कार्यकम , यूएसएड मार्फत सेभ दि चिल्ड्रेन जस्ता बिभिन्न प्रकार का बाह्य दातृ निकायहरुले सन २०११ को पोषण बृद्वि अभियान का विभिन्न कार्यकममा सहभागि भएर धेरै देन दिएका छन। आमा र बच्चाको पोषणको लागि राष्ट्रिय योजना आयोगले बहुक्षेत्रीय पोषण योजना बनाएको छ। यस क्षेत्रमा खर्चको तरिका र स्तरमा दिन दिनै बृढोत्तरी भएको छ। तर प्रमाणको आधारमा योजना बनाउने शैलीमा न्यूनता रहेको छ। पोषण विशेष, संवेदनशील, तथा सुशासनमा विनियोजित वजेट तथा यसको स्थितिका सूचनाले नीति निर्माताहरुलाई पोषण सम्बन्धी आयोजनाहरुमा वित्तिय साधनको वितरणमा कार्यदक्षता र प्रभावकारीता ल्याउन सहयोग पु-याउदछ।

## उदेश्य:

यो बजेट बिश्लेषणका उद्देश्यहरु : पोषण "विशेष", "संवेदनशील", तथा "सुशासनमा" श्रोत, तह र प्रकार विनीयोजन र खर्चको आधारमा मूल्याङ्कन, विशेष, संवेदनशील, तथा सुशासनमा कोष अन्तरालको अन्दाज, कार्यकम तथा आयोजनाहरुको प्राथमिकता स्तर र यस तर्फ कार्यकम तथा वजेट थप गर्न नीति, रणनीति तथा कार्यकमहरु सिफारिश गर्नु रहेको छ।

## तरिका:

यो अध्ययनले SUNद्वारा प्रतिपादित बिधि अनुसरण गरेको छ। बजेट विश्लेषणमा ३ वटा बिधिहरु अपनाईयो। पहिलो बिधिमा जानकार व्यक्तिहरुसँग अन्तर्वाता लिएर तथ्याङ्क संकलन गरियो। नेपाल तथा विश्वका भए गरेका दस्तावेज समीक्षा गरी तथ्यहरु संकलन गरियो र अन्त्यमा तथ्यहरु ठीक छन वा छैनन सो को प्रमाणिकरण गर्न अन्तर्वाता लिइएका जानकार व्यक्तिहरुसँग भेटघाट , ईमेल, टेलिफोन संवादबाट पृष्टपोषण लिईयो।

## पोषण बजेट विश्लेषणको वर्गिकरण :

पोषण बजेट विश्लेषणका सूचकाङ्कहरु तयार गर्दा SUN (पोषण स्तरोन्नती) निर्धारण गरेका सूचकाङ्कहरुलाई आधार मानिएको छ। जसलाइ तलको तालिकामा देखाउन सकिन्छ।

| कार्यक्रम: | सूचकाङ्कहरु |
|---|---|
| पोषण विशेष | • पोषणमा असल व्यवाहार, मातृ,शिशु तथा बाल्यकालिन आहार स्याहार (IYCF)<br>• भिटामिन तथा खनिज जन्य बस्तु • कुपोषण अन्त्य गर्नमा गरिएको व्यवस्थापन<br>• ६-२३ महिना सम्मको केटाकेटी तथा गर्भवती एव स्नतपान गराउने महिला शिशु को पोषण |
| पोषण संवेदनशिल | • खाद्य सुरक्षा (कृषि, खाद्य व्यवस्था, सामाजिक सुरक्षा, पोषिलो खाना को प्राप्ति र पहुंच , एव अभ्यास प्रर्बद्धन जस्ता समावेश भएका )<br>• आफनो र केटाकेटीको स्याहार को बातावरण सम्बन्धी रणनीति ,बिषेश गरी घर परिवारमा आमा र केटाकेटीको लागि उपयुक्त वाताबरण<br>• खानेपानी, हातधुने, सरसफाइ) , प्रजनन स्वास्थ्य तथा लैंगिक सवाल तथा सरसफाई जस्ता सबै संग सरोकार राख्ने विषयहरु) |
| सुशासन | • समन्वय र सूचना व्यवस्थापन<br>• पैरवी ,संचार तथा नीति निर्माण<br>• व्यवस्थापन प्रणलिको विकास , विभिन्न तहमा क्षमता विकास, नीति , योजना, बजेट, सूचना व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन तथा तथ्यहरको बिश्लेषण |

*नोट : यसतर्फ बजेटको मात्रा सारै सानो भएकाले क्षमता विकास, नीति , योजना, बजेट, सूचना व्यवस्थापनमा थप बिश्लेषण गरिएको छैन।*

Source: (SUN, 2012). Analysis of costs of SUN country plan

## अंकभारको निर्धारण

कार्यक्रम पहिचान गर्दा महिला किशोरकिशोरी बालबालिकाको पोषण अवस्थामा प्रत्यक्ष सुधार गर्नेमा पूरा बजेट भएको अवस्थामा त्यहा कुनै समस्या भएन। पोषण संवेदनशील र सुशासन सम्वन्धि कार्यक्रम हरुमा भने तलका आधारहरु लिईयो।

- पहिला यो जहा सम्भव छ त्यहा कूल बजेटको तुलनामा पोषण बजेट के कति विनियोजन गरिएको छ ? सो को वास्तविक हिसाव गरियो।
- संभव नभएको अवस्थामा , सम्भव भएसम्म पोषण सम्वन्धि सवै उद्देश्यलाई बराबर अंकभार दिने विकल्पको रुपमा लिइयो।
- यदि यो पनि नभएको अवस्थामा भने पोषण क्षेत्रका आयोजनामा कार्यरत कर्मचारी, लेखा कर्मचारीको उपस्थितीमा अनुसन्धानकर्ताहरु समेत भएको टिमले छलफल गरेको निर्धारण गरिएको श्रेणी (Rating) को आधारमा अंकभार प्रदान गरियो।

## मूल उपलब्धि:

पोषण क्षेत्रमा GDP (आधारभूत मूल्य) को आधारमा विश्लेषण गर्दा बजेट प्रसस्त बढेको छ। यो २०१३/१४ मा ०.२५ प्रतिशत मात्र रहेको मा २०१५/१६ मा यो ०.४० प्रतिशत पुगेको छ। प्रचलित मूल्यतर्फ २०१३/१४ मा कूल बजेटमा पोषणको हिस्सा ०.८९ प्रतिशत रहेकोमा २०१५/१६ बढेर १.१२ प्रतिशत पुगेको छ। तर, बार्षिक औषत बृद्धि दरमा असमानता कायम रहेको छ। पोषणको बार्षिक औषत बृद्धि दर ४९.४ प्रतिशत पुगेको छ जबकियस अवधिमा सरकार को कूलबजेट को बार्षिक औषत बृद्धि दर २९ प्रतिशत र GDP (आधारभूत मूल्य)९.६४ प्रतिशत मात्र छ। SUN ले गरेको हिसावमा GDP को अंशमा कम्तिमा पनि १ प्रतिशत पोषण क्षेत्रको देन हुन आवश्यक देखाएकोले यसमा हाल विनीयोजित रकम कम्तिमा पनि दोव्वरले बढाईनु पर्दछ।

*चित्र १ :जी. डी. पी को. तुलनामा पोषण बजेट*




*स्रोत: खर्चको अनुमान रातो किताव २०१३/१४, २०१४/१५,२०१५/१६*

पोषण विशेष बजेटतर्फ आ. ब. २०१३ /१४ मा ६७२ मिलियन विनियोजन भएकोमा आ. व. २०१५/१६ मा यो बढेर ९६४ मीलियन पुगेको छ। यसको बृद्धि दर वार्षिक २१.३३ प्रतिशत रहेको छ। पोषण सम्बन्धी केही कार्यक्रमहरु नमुनाका रुपमा कार्यान्वयन गरिनु यसतर्फ बजेट बढनुको मुख्य कारण मानिन्छ। पोषण संवेदनशील बजेटमा असमान रुपले बृद्धि भएको छ। आ.व. २०१३/१४ मा ३८७३ मिलियन रहेकोमा आ.व. २०१५/१६ मा ८,१५१ मिलियन पुगेको छ। यो बृद्धि दर वार्षिक ५५.२१ प्रतिशत रहेको छ।

पोषण संवेदनशील कार्यक्रमतर्फ बजेट बृद्धि हुनुमा खानेपानी तथा सरसफाई कार्यक्रम र संघीय तथा स्थानीय बिकास मन्त्रालय अर्न्तगत रहेको सुनौला हजार दिन कार्यक्रमतर्फ बढोत्तरी हुनु नै कारक तत्व रहेको मानिन्छ।

यस्को आ.व. २०१३/१४ मा ८४ प्रतिशत हिस्सा रहेको थियो भने २०१५/१६ मा यो हिस्सा बढेर ८९ प्रतिशत पुगेको छ। सुशानतर्फ भने आ.व. २०१३/१४ मा ६४ मिलियन रहेकोमा चालु आ बमा घटेर ५१ मिलियन झरेको छ। सुशासन तर्फ आ.व. २०१३ /२०१४ मा ६४ मिलियन रहेकोमा २०१४/२०१५मा ५१ मिलियनमा झरेको छ। विश्लेषण गरिएको समयमा सवै भन्दा कम सुशासन तर्फ १ प्रतिशत विनियोजन गरिएको छ।

पोषण विशेष कार्यक्रको शेयर सन २०१३/१४ मा १४.५८ प्रतिशत भएकोमा २०१५/१६ मा १०.५२ प्रतिशतमा ओरालो लागेको छ। यसको मुख्य कारणमा पोषण संवेदनशील कार्यक्रमतर्फ बजेट बढ्नुलाई मान्न सकिन्छ।

चित्र २ ले पोषण "विशेष",कार्यक्रम र केही नमूना कार्यक्रम अभिबृद्धि गर्न समग्रमा रकम नपुगेको देखाएको छ। MSNP दस्तावेजले मुद्रस्फिति लाई समेत ध्यानमा राखि ५ वर्षको लागि यु.एस डलर ७७ मीलियन आवश्यक पर्ने संकेत दिएको छ। विशेष कार्यक्रमतर्फ औषत वार्षिक १७.९४ मिलियन आवश्यक पर्ने देखाएकोमा हाल अमेरिकी डलर ९.१८ मिलियन मात्रै विनियोजन भएकोमा वार्षिक अमेरिकी डलर ८.७६ मिलियन अपुग हुने देखिएको छ। यो अनुमान २०१५ /१६मा विशेषतर्फ ४९ प्रतिशत र सुशासनतर्फ अमेरिकी डलर ४ मिलियन कमी हुने अनुमान गरिएको छ।

*चित्र २ :तालिका २०१५/२०१६मा कोषान्तर (यूएस डलर मिलियनमा)*




*स्रोत: खर्चको अनुमान रातो किताव २०१३/१४, २०१४/१५,२०१५/१६*

चित्र ३ "विशेष", "संवेदनशील" तथा "सुशासन"मा भएको बाडफाँडलाई देखाएको छ। SUNले MSNP को लागि कूल बजेटको ४० प्रतिशत पोषण विशेषमा, ५० प्रतिशत संवेदनशील तथा १० प्रतिशत सुशासनमा आवश्यक पर्ने देखाएको छ। तसर्थ, विशेष तथा सुशासनतर्फ बढी रकम विनियोजन गर्नुपर्ने देखिन्छ।

*चित्र ३: पोषण विशेष, संवेदनशील तथा सुशासनमा भएको बाडफाड*




श्रोततर्फ कूल बजेटको ७५ प्रतिशत वैदेशिक सहायताको अंश छ भने २५ प्रतिशत सरकारी क्षेत्रको रहेको छ। सरकारी बजेटतर्फ २०१३/१४मा ३२ प्रतिशत रहेकोमा २०१५/१६मा २५ प्रतिशतमा झरेको छ। वैदेशिक सहयता बढ्नु नै यसको कारक तत्व मान्न सकिन्छ र यो २०१३/१४ मा ६८ प्रतिशत रहेकोमा बढेर ७५ प्रतिशत पुगेको छ।

*चित्र ४:सरकारी तथा वैदेशिक सहायताको अंश*




तालिका: १ पुंजीगत तथा चालु खर्चको आधारमा बजेटको विनियोजन भएको देखाएको छ। २०१३ /२०१४ मा चालु खर्च ३०१२ मीलीयन भएकोमा २०१५/२०१६ मा ६९६८ मीलीयन पुगेको छ। यो बृद्धि दर बार्षिक ६६ प्रतिशत रहेको छ। पुजीगत खर्चतर्फ पनि विनियोजन बढेको छ , यो २०१३ /२०१४मा १५९९ मिलियन भएकोमा २०१५/२०१६ मा २१९८ पुगेको छ र यो बृद्धि दर अध्ययन गरेको समयमा बार्षिक १९ प्रतिशत रहेको छ।

*तालिका :१ पुंजीगत तथा चालुको आधारमा बजेट रु ०००मा*

| प्रकार | २०१३/१४ | २०१४/१५ | २०१५/१६ | बर्षिक बृद्धि प्रतिशत |
|---|---|---|---|---|
| पुजीगत | १५९८,५०८ | २,३०७,५७३ | २,१९७,९५८ | १८.७५ |
| चालु | ३,०१२,३८३ | ३,८४६,६२८ | ६,९६८,७११ | ६५.६७ |
| कूल | ४,६१०,८९१ | ६,१५४,२०१ | ९,१६६,६६९ | ४९.४० |

*तालिका २ : पोषण विशेष बजेट खर्चमा नेरु ०००मा*

| **विनियोजन र खर्च** | २०१३/१४ | २०१४/१५ |
|---|---|---|
| विनियोजन | ७२४,११८ | ८७५,१३३ |
| खर्च | ३१३,५४३ | ४६७,७५९ |
| विनियोजन र खर्च तुलनामा % | ४३.३० | ५३.४५ |

Source: eAWPM, MoHP

| **विनियोजन र खर्च** | २०१३/१४ | २०१४/१५ |
|---|---|---|
| विनियोजन | ३८७३,६९९ | ५,२६३,२०९ |
| खर्च | २,५८५,१११ | ३,३४७,७०७ |
| विनियोजन र खर्च तुलनामा % | ६६.७३ | ६३.६१ |

*खर्चको अनुमान रातो किताव २०१३/२०१४, २०१४/२०१५ ,२०१५/२०१६ तथा DWSS २०१४ २०१५को खर्चको आधारमा*

## केन्द्र र जिल्लाको आधारमा पोषण बजेट

चित्र ५ ले केन्द्र र जिल्लातर्फ विनियोजन गरेको रकम देखाएको छ। अध्ययन गरेको समयमा जिल्लातर्फ विनीयोजन गरेको रकममा पनि बृद्धि भएको छ। २०१३ /२०१४ मारु २०६६ मिलियन भएकोमा २०१५/२०१६ मा रु ४,७५८ मिलियन पुगेको छ र यो बार्षिक ६५ प्रतिशतले बृद्धि भएको छ। केन्द्रतर्फ पनि २०१३ /२०१४ मा रु २५४५ मिलियन भएकोमा २०१५/२०१६ मा रु ४४०८ मिलियन पुगेको छ, यो बार्षिक ३७ प्रतिशतले बढेको छ।

*चित्र ५ :जिल्ला तथा केन्द्रमा भएको बजेटको बाडफाँड*




तालिका २ र तालिका ३ ले पोषण विशेष तथा पोषण संवेदनशील क्षेत्रमा भएको बजेट क्रमश देखाएको छ। पोषण विशेष कार्यक्रमतर्फ बजेट विस्तारै तल झरेको लक्षण देखिन्छ। दाताहरु आफैले व्यवस्थापन गरेको रकम खर्चको विवरण नदिएको तथा सरकारको खर्च गर्ने क्षमता पनि कम, खर्च को प्रगती समयमा नदिएको पाईयो। साथै धेरैजसो क्रियाकलापहरु यथेष्ठ गृहकाय वेगरमै विनियोजन गरेको पाईयो।

## विनियोजन र खर्च तुलनामा पोषण बजेट

तालिका ४ ले पोषण बजेटलाई विनियोजन र खर्चको तुलना गरेको छ। अध्ययन समयमा खचर्मा झण्डै स्थिर रहेको छ। खर्च गर्ने क्षमताको कमी , बजेट तयारिमा गृह कार्य यथेष्ट नहुनु, मुदा स्फितिको असर ,बजेट निकासा र खरिदमा ढिलाई , खतरा मोलाइमा कमी तथा बजेट स्वीकृतीमा ढिलाई रहेको मानिन्छ।

*तालिका ४: विनियोजन र खर्च तुलनामा पोषण बजेटको खर्च*

| **विनियोजन र खर्च** | २०१३/१४ | २०१४/१५ |
|---|---|---|
| विनियोजन | ४,६१०,८९१ | ८७५,१३३ |
| खर्च | २,९०६,४१३ | ३,८२६,५८९ |
| विनियोजन र खर्च तुलनामा % | ६३.०३ | ६२.१८ |

*खर्चको अनुमान रातो किताव २०१३/२०१४, २०१४/२०१५ ,२०१५/२०१६ तथा DWSS २०१४ २०१५को खर्चको आधारमा*

उप-शिर्षकको आधारमा बजेट विनियोजन तालिका ५ ले उप-शिर्षकको आधारमा बजेट विनियोजन गरेको देखाएको छ। भिटामिन ए तथा मिनरल सप्लिमेन्टेशन र फोर्टिफिकेशन समेतमा गरी २०१३ /२०१४ मा रु १०४ मिलियन भएकोमा २०१५/२०१६ मा रु ३०० मिलियन पुगेको देखिन्छ (**तालिका३**)। यसको कारणमा सप्लिमेन्टेशन र फोर्टिफिकेशनतर्फको र कम विशेषरुपले बृद्धि हुनु हो। २०११ मा कम तौल हुनेहरुको संख्या २९ प्रतिशत देखिएकोले कुपोषणको एकीकृत व्यवस्थापनतर्फ विशेष संबोधन गर्न पर्ने देखिन्छ।